# Tribhuvan University
# त्रिभुवन विश्वविद्यालय
## Faculty of law
## कानून संकाय

मिति : २०७२/०९/०९

विषय : नतिजा प्रकाशित गरिएको बारे ।

यस संकायद्वारा मिति २०७२ साल मंशिर १९ गते सञ्चालित बी.ए.एलएल.बी. प्रवेश परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुको लिखित प्रवेश परीक्षाको नतिजाको आधारमा कोटा सहित त्रि.वि. का आंगिक क्याम्पसहरु, नेपाल ल क्याम्पस, काठमाडौंको लागि ३५/३५ समूहका ७०, पृथ्वीनारायण क्याम्पस, पोखराको लागि ३५ र त्रि.वि. को सम्वन्धन प्राप्त क्याम्पस नेशनल ल कलेज, पुल्चोकको लागि ३५/३५ समूहका ७० गरी जम्मा १७५ सिटका लागि मात्र योग्यताक्रम (Merit-List) मा रहेका निम्नानुसारका परीक्षार्थीहरुको नतिजा प्रकाशित गरिएको छ ।

१. योग्यताक्रम (Merit-List) मा रहेका परीक्षार्थीहरुले सम्वन्धित क्याम्पसहरुले भर्नाका लागि सूचना प्रकाशित गरी तोकेको मितिभित्र आफुले अध्ययन गर्न चाहेको क्याम्पस/कलेजमा भर्नाको लागि निवेदन दिनुपर्नेछ । सो निवेदन बमोजिम सम्पर्कमा आएका योग्यताक्रम (Merit List) मा रहेका विद्यार्थीहरु मध्येबाट आफूले भर्ना गर्न पाउने जम्मा सिटसंख्या मध्ये ३५ जना विद्यार्थीहरुको एक/एक समूह कायम गरी प्रत्येक समूहका लागि खुला तर्फ २४ स्थानमा र निम्नलिखित वर्गका लागि छुट्याईएको ११ स्थानमा सम्वन्धित वर्गका परीक्षार्थीहरु बीचको प्रतिस्पर्धाको आधारमा योग्यताक्रम रहेका परीक्षार्थीहरुको भर्ना क्याम्पसले लिनेछ । वर्गीकृत् समूहमा भर्नाको लागि न्यूनतम ३५ अंक प्राप्त गरेका योग्य उम्मेदवार नभएमा योग्यताक्रममा रहेका अन्य विद्यार्थी भर्ना लिनु पर्नेछ ।

| | |
|---|---|
| क) विदेशी | २ (दुई) |
| ख) आदिवासी/जनजाति | २ (दुई) |
| ग) महिला | २ (दुई) |
| घ) मधेशी | २ (दुई) |
| ङ) दलित | १ (एक) |
| च) अपाङ्गता भएका व्यक्ति | १ (एक) |
| छ) पिछडिएको क्षेत्र | १ (एक) |
| **जम्मा** | **११ (एघार)** |

**नोटः** आदिवासी/जनजातिका हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा गरिएको वर्गीकरण अनुरुप टप टु बटमको आधारमा भर्ना लिनु पर्नेछ ।

२. विभिन्न वर्गका विद्यार्थीहरुको लागि छुट्याइएको सिटमा प्रवेश परीक्षाको न्यूनतम् ३५% (पैंतीस प्रतिशत) अंक प्राप्त नगरेमा वा सो वर्गका विद्यार्थीहरु भर्ना नभई कुनै सिट खाली हुन आएमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।

३. तोकिएको मितिभित्र कुनै विद्यार्थी भर्ना नभई सिट खाली हुन आएमा योग्यताक्रममा रहेका विद्यार्थी मध्येबाट भर्ना लिनुपर्नेछ ।

४. भर्ना हुंदाका समयमा विद्यार्थीहरुले आफ्नो शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र र त्रि.वि. भन्दा बाहिरका शिक्षण संस्थाबाट आएका विद्यार्थीहरुले त्रि.वि.बाट मान्यता प्राप्त भएको समकक्षता (equivalence) प्रमाणपत्र समेत अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

५. भर्ना हुनका लागि पेश गरिएका प्रमाणपत्रहरु नक्कली भएको ठहरिएमा वा पेश गर्नुपर्ने प्रमाणपत्र पेश नभई भर्ना भएको पाइएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी खाली हुन आउने स्थानमा योग्यताक्रममा रहेका विद्यार्थीहरुमध्येबाट नै भर्ना लिनुपर्नेछ ।

६. विदेशी विद्यार्थीहरुको लागि छुट्याइएको सिटको हकमा पठनपाठन शुरु भएको मितिले १५ दिन भित्र कुनै विदेशी विद्यार्थी भर्ना हुन नआएमा योग्यताक्रमानुसार भर्ना लिनुपर्नेछ ।

७) सम्बन्धित क्याम्पसहरुले आफूले भर्ना गरेका सम्पूर्ण विद्यार्थीहरुको विवरण अन्तिम भर्ना गरेको मितिले १५ दिनभित्र डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

८) कुनै क्याम्पसले नियमानुसार भर्ना नगरेको कुराको उजुरी वा जानकारी डीन कार्यालयलाई प्राप्त हुन आएमा छानबीन गर्ने अधिकार डीन कार्यालयलाई हुनेछ । छानबिनबाट नियम विपरित भर्ना भए गरेको पुष्टि भएमा त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी भर्ना रद्द भई रिक्त हुन आएको स्थानमा नियमानुसार भर्नाको लागि डीन कार्यालयले निर्देशन दिनेछ । भर्ना रद्द हुने विद्यार्थीले बुझाएको सम्पूर्ण शुल्क सम्बन्धित क्याम्पसले फिर्ता गर्नु पर्नेछ ।

१०) यो सूचना www.nlc.edu.np मा पनि हेर्न सकिनेछ ।

---------------------------------------

प्रा.डा. ताराप्रसाद सापकोटा
डीन